मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : १४१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ बैशाख ८ गते सोमवार (Monday, April 20. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-



सूचना

सबै नेपालीको चाहना: लागूऔषध उत्पादन, अवैध ओसारपसार र सेवनरहित समाजको कामना ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग


समाचार संक्षेप

## घाँटीमा मासु अड्किएर मृत्यु

**झापा, बैशाख ७।** घाँटीमा मासु अड्किएर सल्यानमा एक जनाको मृत्यु भएको छ। शारदा नगरपालिका वडा नम्बर-१३ निवासी ६९ वर्षीय देवीलाल कामीको मृत्यु भएको हो ।

सल्यानचौरका बालाराम कवरका घरमा झारफुक गर्न गएका उनको बाखाको मासु खाने क्रममा घाँटीमा मासु अड्की उपचारका लागि बिहान अस्पताल पुऱ्याउनेबित्तिकै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

गाउँमा झारफुक गरिसकेपछि बोक्सी भगाउने भन्दै बाखा काट्ने र राति नै मासु पकाएर खाने चलन छ ।

## प्रहरी हवल्दारको ड्युटीमै ज्यान गयो

**सोलुखुम्बू, बैशाख ७।** सेवामा खटिएका प्रहरी हवल्दारको मृत्यु भएको छ। अस्थायी प्रहरीचौकी दोर्पुका इञ्चार्ज देवीप्रसाद भट्टराईको बिहान करिब ३ बजे काममा खटिएकै बेला मृत्यु भएको सोलुखुम्बू प्रहरी प्रमुख टेकुनन्दइवा लिम्बूले जानकारी दिए ।

लिम्बूका अनुसार काममै रहेका बेला अत्यधिक पेट दुखेपछि उनलाई जिल्ला अस्पताल फाप्लु उपचारका लागि लगिएकामा बेहोस हुँदाहुँदै मृत्यु भएको हो । भोजपुर घर भई हाल सुनसरीमा बस्दै आएका ३८ वर्षीय भट्टराईका श्रीमती तथा दुई छोरा र एक छोरी छन् । अहिले उनको शव घर पठाउने तयारी भइरहेको प्रहरी नायब उपरीक्षक लिम्बूले जानकारी दिए

## कोरोनाबारे गलत हल्ला फैलाउने पक्राउ

**इलाम, बैशाख ७।** इलाममा कोरोना भाइरस संक्रमित फेला परेको भन्दै सामाजिक सञ्चालमा पोष्ट गर्ने एक युवकलाई शनिबार पक्राउ गरिएको छ । इलामको फाकफोकथुम गाउँपालिका-७का २४ वर्षीय सन्दीप लिम्बूलाई प्रहरीले पक्राउ गरेको हो ।

इलाम नगरपालिका-५ बरबोटेमा कोरोना भाइरसका सङ्क्रमित फेला परेको भन्दै लिम्बूले सामाजिक सञ्जालमा पोष्ट गरेर अफवाह फैलाउने काम गरेकाले पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय इलामका सूचना अधिकृत हेमन्त भण्डारी क्षेत्रीले जानकारी दिए । शुक्रबार लिम्बूले बिब्ल्याँटेका कोरोना भाइरस संक्रमित फेला परेको भन्दै सामाजिक सञ्जालमा पोष्ट गरेपछि जिल्लावासीमा आतङ्क मच्चिएको थियो ।

लिम्बूले फेसबुकमा 'इलामको बिब्ल्याँटेमा एक जना कोरोना संक्रमित फेला, अबचाहिँ बाँच्ने आसै मरिसक्यो' भनेर पोष्ट गरेका थिए । गलत सूचना सामाजिक सञ्जालमा पोष्ट गरेका कारण स्थानीयवासीमा समेत त्रास पैदा भएको थियो ।

# लकडाउन: आफ्नो कि प्रहरीका लागि ?



**बिर्तामोड, बैशाख ७।** यो तस्वीर आइतवार दिउँसो बिर्तामोडको मुक्तिचोकमा खिचिएको हो । एक सयभन्दा बढी मोटरसाइकल, जसले लकडाउन उल्लंघन गरेर चलाएका थिए, तिनलाई प्रहरीले नियन्त्रणमा लियो ।

आइतवार बिर्तामोड आसपासको क्षेत्र लडकडाउन खुलेझैं देखिन्थ्यो । बैंकहरुमा उस्तै भीड थियो । प्रहरीले सक्रियता जारी राखे पनि उसको अनुरोध नागरिकले नटेरेको पाइयो । इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रमुख मुकुन्द रिजाल र जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख प्रकाश जवेगू आफै सडकमा खटिएर लकडाउन उल्लंघन गर्नेलाई नियन्त्रणमा लिनुका साथै सम्झाईबुझाई गरिरहेका थिए । सबैको सहकार्य र सहयोग नरहने हो भने कोरोनाको जोखिम हामी आफ्नै कारणले निम्त्याउने अवस्थामा पुगेको प्रहरीको भनाइ छ । कोरोना रोकथाम तथा नियन्त्रण सम्बन्धी उच्चस्तरीय समन्वय समितिले संक्रामक रोग ऐन २०२० बमोजिम लकडाउन उल्लंघन गर्नेलाई १ महिनासम्म जेल पठाउने निर्णय गरेको छ ।

लकडाउन उल्लंघन गरे १ महिनासम्म जेल पठाउने गरी प्रहरी र प्रशासनलाई निर्देशन पनि सरकारले गरिसकेको छ। तर, यसको कार्यान्वयन पक्ष फितलो देखिएको छ । कोभिड-१९को जोखिम हुन नदिन लकडाउन जारी रहेपछि यसको अवज्ञा गर्दै सडकमा हिँड्ने र दिनभर पसल खोल्ने बढिरहेका छन् । झापामा कतै खुलेआम त कतै प्रहरीको आँखा छलेर स्थानीयवासी खाद्यान्न किन्न र घुम्नका लागि हिँडिरहेको भेटिन्छ ।

स्थानीय तहले कुन समयमा पसल खोल्ने भनेर तोके पनि यी स्थानमा पुग्दा दिनभरजसो नै भित्री भागमा पसल खुला पाइएको छ। अधिकांश पसलमा आधा सटर खोलेर व्यापार गरिरहेको देखिन्थ्यो । व्यापारीले प्रहरी आएको देख्नासाथ बन्द गर्ने र उनीहरु जानासाथ खोल्ने गरेका छन् । कतिपय व्यक्ति मोटरसाइकल र स्कुटरमा तरकारी, फलफूल, पानी, ग्यास किन्न हिँड्ने गरेको दृश्य विभिन्न स्थानमा दैनिक देखिन्छ ।

तरकारी र खाद्यान्नका ती पसलमध्ये कतिपयले घरभित्रबाट दिनभर बिक्री गरेको देखिन्थ्यो । पसलहरुमा एकै पटक भीडभाड देखिन्छ र धेरै उपभोक्ता एकैपटक पसलभित्र सामान किनिरहेका दृश्य भित्री सडक छेउमा पसलमा देखिन्छ । खाद्यान्न किन्नका लागि मात्रै नभएर हावा खान वा खुट्टा तन्काउन हिँडेको भन्ने व्यक्ति पनि धेरै भेटिन्छन् । तीमध्ये कतिपय मधुमेह, उच्च रक्तचाप, मुटुरोगलगायतका दीर्घरोगका बिरामी छन् । घरमै बसिरहँदा गाह्रो हुने भन्दै दैनिक पाँच/दश मिनेट हिँड्ने गरेको उनीहरु बताउँछन् ।

लकडाउनको कार्यान्वयन गराउन प्रहरी मुख्य सडक र भित्री सडकमा समेत खटिएका देखिन्छ । बिहान पसल बन्द गराउनेदेखि दिउँसो छड्के हेर्नका लागि प्रहरी खटिइरहेका छन् । प्रहरीले लकडाउन अवज्ञालाई कार्वाही पनि उत्तिकै गरिरहेको छ । लकडाउन अझै कडाइ गर्ने सरकारको निर्णयसँगै यस्तो कारवाहीमा पर्नेको संख्या बढिरहेको छ । अझै पनि धेरै नागरिकले लकडाउन मेरा लागि भन्दा पनि नेपाल प्रहरीका लागि भन्ने बुझ्दा यसको अवज्ञा भइरहेको चोकचोकमा खटिने प्रहरी बताउँछन् ।

कतिपय व्यक्ति हातमा थोरै तरकारी बोकेर बिहानभरि घुम्ने गरेको पाइएको छ । सरकारले अत्यावश्यक कामका लागि उपलब्ध गराएको 'सवारी पास' पनि दुरुपयोग भइरहेको छ । प्रहरीले कारवाही नगर्दा पनि गरेन भन्ने र गर्दा पनि त्यसको विरोध हुने गरेको इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रहरी नायव उपरीक्षक मुकुन्द रिजाल बताउँछन् । विभिन्न बहानामा हिँडिरहेका पैदलयात्रु हुन् वा सवारीमा हिँडेका नागरिकलाई रोक्दा र नरोक्दा दुवै अप्ठ्यारो भएको प्रहरीको भनाइ छ । अत्यावश्यक सामग्री किन्न जाँदा पनि प्रहरीले माक्स लगाउन, समूहमा नहिँड्न भन्ने गरेको छ । तर, उल्टै प्रहरीलाई जे गरे के मतलब भन्दै झगडा गर्ने र एर्काथरि सामाजिक सञ्जालमा भिडियो हाल्ने गर्छन् ।

## लकडाउन सरकारलाई होइन, जनताको जीवनका लागि: प्रधानमन्त्री



**विश्वका कतिपय मुलुकको तुलनामा नेपालमा कोरोना भाइरसको संक्रमण नियन्त्रणमै भए पनि पछिल्लो समयमा आएका रिपोर्टहरुले संक्रमितको संख्या बढेको देखाएको छ, यसले कतै समयमा परीक्षण नगरेका कारण संख्या बढेको त होइन भन्ने प्रश्न पनि खडा गरेको छ । तपाईं स्वयम्को मूल्यांकनचाहिँ के छ ?**

– कोरोना भाइरस आज विश्वमै मानव जातिले भोगेको गम्भीर प्रतिकूलता हो । यस भयावह महामारीले सिङ्गो विश्वलाई यसले लपेटेको छ । यो शताब्दिऔंपछिको एक गम्भीर चुनौति हो । यस

*(बाँकी अन्तिम पृष्ठमा)*

## भीड बढेपछि तरकारी बजार पनि बन्द

**ओखलढुङ्गा, बैशाख ७।** ओखलढुङ्गा सदरमुकाममा लाग्ने नियमित हाटबजार पूर्णरूपमा बन्द गरिएको छ। सदरमुकाममा सातामा दुई दिन बुधबार र शनिबार लाग्दै आएको नियमित हाटबजार मानिसको धेरै भीड भएको र यसले कोरोनाको जोखिम बढाउने भन्दै शनिबारबाट पूर्णरूपमा बन्द गरिएको हो ।

कोरोनाको सङ्क्रमण शुरु भएसँगै सिद्धिचरण नगरपालिकाले तरकारी र खाद्यान्नबाहेकका सामग्री हाटबजारमा किनबेच गर्न रोक लगाएको थियो । तरकारी र खाद्यान्नको कारोवारका लागि मात्रै पनि सयौँको संख्यामा मानिस भीड लाग्न थालेपछि नगरपालिकाले कोरोनाको त्रास नघट्दासम्म बजार लाग्न नदिने निर्णय गरेको नगरप्रमुख मोहनकुमार श्रेष्ठले जानकारी दिए । अबका दिनमा हाटबजार क्षेत्रमा पसल राखेर बेच्न नपाइने उनको भनाइ छ ।

बजारसम्म ल्याउने व्यवसायीले तरकारी र खाद्य सामग्री माग अनुसार घरघरमै पुऱ्याएर सहयोग गर्न सक्ने नगरप्रमुख श्रेष्ठले बताए । छिमेकी जिल्ला उदयपुरमा समेत कोरोना भाइरसको संक्रमण फैलिएको भन्दै थप सतर्कताका लागि पनि यस्तो निर्णय गरिएको नगरपालिकाले जनाएको छ ।

लकडाउनका बेला बजारमा मानिसको चहलपहल बढेको भन्दै स्थानीयवासीले हाटबजार पूर्णरूपमा बन्द गर्न माग गरेका थिए ।

# 'अनिताको आत्महत्या होइन'

**बिनोद सापकोटा**

**झापा, बैशाख ७।** झापाको बुद्धशान्तिकी अनिता अधिकारी खनालको मृत्यु प्रकरण रहस्यमय भएको भन्दै माइती पक्षले घटनाको निष्पक्ष छानविनका लागि झापा प्रहरी र मानव अधिकारकर्मीसँग माग गरेका छन् ।

वडा नं. २ गोपाल टोल निवासी अनिताको मृत्यु आत्माहत्या हुन नसक्ने भन्दै मोरङको उर्लावारीस्थित माइतीले झापा प्रशासन र अधिकारकर्मीसंग गुहार मागेका छन् । मृतककी आमा राधा अधिकारीले छोरीको मृत्यु प्रकरण आत्महत्या हुन नसक्ने दाबी गरेकी छन् ।

उर्लाबारी-४ निवासी मृतककी आमा राधाले न्यायिक छानविनको माग गर्दे दोषीलाई कार्वाहीको माग गरेकी छन् । शनिबार पत्रकारहरुसँग कुरा गर्दै- उनले भनिन्- 'मेरी छोरीले आत्माहत्या गरेकी हुँदै होइनन्, यो नियोजित हत्या हो ।'

**यस्तो थियो घटनाक्रम**

झापाको बुद्धशान्ति-२मा बस्दै आएकी अनिता स्थानीय एक निजी विद्यालयकी शिक्षिका हुन् । उनका श्रीमान् षडानन्दप्रसाद खनाल औषधि बिक्रेता (एमआर) को काम गर्दै आएका थिए । खनाल दम्पतीका सात बर्षीय एक छोरा र आमासहित चारजनाको परिवार थियो ।



यतिखेर विश्वब्यापी रुपमा फैलिएको कोरोना भाइरसको महामारीका कारण उनीहरु आफ्नै घरमा बसिरहेका थिए । बैशाख ३ गते बुधबार अपरान्ह ४ बजे आफ्नै कोठामा ढोका थुनेर झुण्डिएको अवस्थामा अनितालाई भेटेको उनका पति षडानन्दले बताएका छन् । त्यसदिन षडानन्द खेतमा घाँस काट्न गएका थिए । घाँस लिएर घर आउँदा अनिता झुण्डिएको अवस्थामा आफूले देखेको उनले बताएका छन् । अनिता झुण्डिएको अवस्थामा देखेपछि आमा तथा छिमेकीलाई गुहार मागेर ढोका खोलेको उनले बताए । त्यसवेलासम्म अनिताको प्राण हरण भइसकेको थिएन । अनिताले घाँटीमा बाँधेको सल र डोरी हतार- हतार खोलेर बिर्तामोडको बिर्तासिटी पुऱ्याउन साथ डाक्टरले मृत घोषणा गरेको मृतकका श्रीमान् ले बताएका छन् ।

माइती पक्षको उपस्थिति लकडाउनका कारण हुन नसकेका कारण शुक्रबार बिहान मात्र अनिताको शवलाई पोष्टमार्टमका लागि मेची अञ्चल अस्पताल लगिएको थियो । तर, माइतीपक्षले धरानस्थित वीपी कोइराला स्मृति प्रतिष्ठानमा उनको पोष्टमार्टम गर्ने भनेपछि भद्रपुरबाट धरान लगिएको माइतीले बताएका छन् । शवको पोष्टमार्टम भएपछि अनिताको शवलाई आफन्तहरुले शुक्रबार राति नै झापामा दाहसंकार गरेका छन् ।

यता, अनिताका दाजु रवीन अधिकारीले बहिनीको शरीरमा निलडाम देखिएको बताएका छन् । केही भागमा फोका पनि छन्, आँखामा रगत जमेको छ, टाउको पछाडि टुटुल्को उठेको कारणले सुनियोजित हत्या भएको दावी उनले पनि गरेका छन् ।

बहिनीलाई ज्वाईले पटक-पटक डिभोर्सको धम्की दिएको पनि मृतकका दाजुले बताएका छन् । 'यस्ता अनेकौ घटनाक्रमले पनि हामी बहिनीले इच्छामरण गरेको भनेर पत्याउन सक्दैनौं । रविनले भने- आत्महत्या गर्नलाई बाध्य बनाइएको कारण किटानी जाहेरी इलाका प्रहरी कार्यालय धुलाबारीमा दिने तयारी छ ।' यता प्रहरीले भने तत्काल घटनास्थल पुगेर अनिताको मोवाइल र केही लेखिएको कागज बरामद गरी कोठालाई शिल गरेको बताइएको छ ।

२०६९ सालमा प्रेम बिवाह गरेकी अनितालाई आर्थिक बिषयमा श्रीमान्ले पटक-पटक मानसिक यातना दिने गरेको माइती पक्षले आरोप लगाएका छन् । अनिता एशियन लाइफ इन्स्योरेन्स कम्पनीको सिनियर फिल्ड अफिसर रहेको परिवारले बताएको छ ।


## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ–संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नाम:** राष्ट्रिय बाणिज्य बैंक
**शाखा:** सिंहदरबार परिसर
**खाताको नाम:** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



**सूर्यमुखी फूलः** झापाको कमल–७ गेउरियाका किसान ओमनाथ तिम्सिनाले लगाएका सूर्यमुखी फूल । उनले आफ्नो पाँच कठ्ठा जमिनमा तेलहन उत्पादनका लागि सूर्यमुखी फूलको व्यावसायिक खेती गर्दै आएका छन् । **तस्वीरः यज्ञराज आङदेम्बे/रासस**

# बिर्तामोडको मस्जिदमा भेटिएका ९ जना भारतीयलाई क्वारेन्टाइन पठाइयो



**बिर्तामोड, बैशाख ७।** झापाको बिर्तामोडस्थित मामे मस्जिदमा रहेका ९ जना भारतीय नागरिकलाई क्वारेन्टाइनमा राखिएको छ ।

मस्जिदमा रहेका भारतीय नागरिकका कारण कोरोनाको संक्रमण फैलनसक्ने त्रास बढेको भन्दै स्थानीयले असन्तुष्टि जनाएपछि बिर्तामोड नगरपालिकाको पहलमा उनीहरुलाई आइतवारदेखि क्वारेन्टाइनमा राखिएको बताइएको छ । उनीहरु सबैको आरडीटी परीक्षण गरिसकिएको र सबैको नेगेटिभ रिपोर्ट आएको नगरपालिकाले जानकारी दिएको छ ।

# दुई जना बालक दहमा मृत फेला

**तेह्रथुम, बैशाख ७।** तेह्रथुमको छथर गाउँपालिका–२ बस्ने रेवन्त बिकको १० बर्षीय छोरा सरोज बिक र निजकै भान्जी १० बर्षीया ऐलिना बिक तेलिया खोलाको दहमा मृत फेला परेका छन् ।

दुबै बालक तथा बालिका छथर गाउँपालिका २ र धनकुटाको छथर जोरपाटी गाउँपालिका–५मा पर्ने तेलिया खोलाको कानगुदी दोभानमा पौडी खेल्न भनी गएको र पौडी खेल्ने क्रममा बेपत्ता भएको भन्ने खबर प्राप्त भएसंगै प्रहरी चौकी शुक्रवारेबाट खटिएको प्रहरी टोली र स्थानीयवासी समेतको टोलीले खोजतलास गर्ने क्रममा सोही दहभित्र ढुङ्गाले थिचिएको अवस्थामा दुवै जनाको शव फेला पारेको थियो । घटनास्थलमा जिल्ला प्रहरी कार्यालय तेह्रथुमबाट अनुसन्धान अधिकृतसहितको टोली खटि गई कानूनी प्रकृयाका साथै थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

# माछा व्यवसाय संकटमा

**आत्माराम राजवंशी**

**गौरीगञ्ज, बैशाख ५।** लकडाउनका कारण बजार बन्द भएपछि माछा व्यवसाय संकटमा परेको छ ।

गौरीगञ्ज गाउँपालिका–३को रिमाल वस्तीमा सञ्चालन भएको वेलनेस एग्रीकल्चर प्रालि र सोही गाउँपालिका वार्ड नं. २को कोरोवारीमा सञ्चालन भएको नेशनल एग्रो फार्मिङ्ग प्रालिले उत्पादन गरेका माछा बिक्री गर्ने समयमा बजार बन्द भएपछि माछा व्यवसाय धरासायी बन्न पुगेको हो ।

गौरीगञ्जलगायत अन्य स्थानमा रहेका माछापालन गर्ने व्यवसायीहरूले उत्पादन गरेका विक्री गर्न लायक माछा पोखरीमै दाना खुवाएर पाल्नुपर्ने बाध्यता र दाना अभावका कारण माछा नै मर्ने भएपछि व्यवसाय नै धरापका पर्ने आशंका बढाएको हो ।

वेलनेस एग्रीकल्चर प्रालिले ३५ विगाह लिजमा लिएर करिब १५ विगाहमा २८ वटा पोखरी बनाई माछा पालन व्यवसाय गरिरहेको छ । २०७० सालदेखि माछा पालन व्यवसायी सञ्चालनमा ल्याए पनि हालसम्म फाइदा नभएको फार्मका अध्यक्ष श्याम ढकाल बताउँछन् । उनी भन्छन्- 'बैंकबाट ठूलो भोलुममा ऋण लिएर व्यवसाय शुरू गऱ्यौं तर यस वर्ष केही फाइदा हुने संकेत देखिए पनि लकडाउनका कारण सोचे अनुसारको फाइदा नभएको र माछा विक्री पनि नभएको तथा माछालाई खुवाउने दाना आयात गर्न नसक्दा व्यवसाय नै धरापमा पर्ने आशंका बढाएको छ ।'

चैत्र १ गतेबाट करिब ३ करोड रूपैयाँ बराबरको माछा विक्री गर्ने लक्ष्य राखिएपनि बजार बन्द भएपछि ती माछाहरू पोखरीमै रहेको र दाना समेतको अभाव हुँदा माछाहरू कसरी व्यवस्थापन गर्ने आफू अन्योलमा परेको अध्यक्ष ढकालले बताए ।

पोखरीमा भएका माछाहरूलाई दैनिक १५ बोराका दरले दाना खान दिने गरेकोमा दाना अभावका कारण चार बोराको दरले दाना दिने गरेको उनले जानकारी गराए । दाना कम दिँदा जुन साइजमा बढ्नुपर्ने हो त्यस अनुरूप नबढ्दा लाखौं रूपैयाँ घाटा हुनुको साथै वैकको ब्याज तिर्न र कामदारलाई तलब दिन नस्कने अवस्था भएको अध्यक्ष ढकालको गुनासो छ ।

निकै ठूलो आशा र अभिलाषा जग्गा लिजमा लिई माछा व्यवसाय शुरू गरेको वेलनेस एग्रीकल्चर प्रालिले माछा उत्पादन गरी बजारमा विक्री गर्न ल्याए पनि सरकारी तवरबाट सहयोग नपाउँदा लगानी नै डुब्ने सम्भावना रहेको उनको भनाई छ । वेलनेस एग्रीकल्चर प्रालिले २८ वटा पोखरीमा पंघास, नैनी, रहु, कमन कार्प, तिलो पिया, मुङ्गी, भाकरी जातका माछाका भुराहरू ६ महिना अघि लगाई अहिले विक्री गर्ने लायकका भएका छन् ।



लकडाउनका कारण बजार बन्द भएपछि बाह्य व्यापारी फर्ममा आउन छोडेका छन् भने स्थानीयहरूले व्यक्तिहरूले थोरबहुत माछा खरिद गरेको भरमा पोखरीकमे माछा खपत नहुने स्पष्ट देखिन्छ । यसअघि गाडीमा राखेर माछाहरू गाउँघरमा पुऱ्याई विक्री गर्ने गरे पनि लकडाउनका कारण गाडी चलाउन अवस्था नभएपछि त्यो पनि असम्भव भएको छ । गौरीगञ्ज गाउँपालिका वार्ड नं. २को कोरोवारीमा रहेको नेशनल एग्रो फार्मिङ्ग प्रालिको अवस्था पनि उस्तै छ ।

करिब २० विगाह जग्गाको क्षेत्रफलमध्ये ५ विगाहमा माछा पोखरी बनाइ माछापालन गरेको फर्मका प्रमुख दीपक गर्तौला बताउँछन् । उनले पोखरीमा रहुँ, नैनी, सिल्भर कार्प, कमन कार्प, भ्याकुरलगायतका माछाहरू पालेका छन् । माछा बिक्री गर्ने समय भएता पनि बजार बन्द हुँदा माछालाई दाना खुवाएर पोखरीमै पाल्नुपर्ने बाध्यता रहेको प्रमुख गर्तौलाले बताए ।

पोखरीका माछाहरू स्थानीयस्तरमा खपत नहुने र अन्य क्षेत्रका व्यापारीहरू पनि माछा खरिद गर्न नआउने भएकाले माछा व्यवस्थापन गर्न कठिनाई भएको प्रमुख गर्तौलाको दुःखेसो छ । उनले भने- 'माछालाई खुवाउने दाना समेत सकिएको र भारतको आन्द्र प्रदेशबाट दाना आयात गर्न असम्भव भएकाले माछा पोखरी मै मर्ने हो कि भन्ने आशंका बढेको छ ।

माछा बिक्री नभए लाखौं रूपैयाँ लगानी गरेर सञ्चालन गरेको फर्म डुब्ने अवस्थामा पुगेको पनि जानकारी उनले गराए । उनको फर्ममा माछा वाहेक हाँस, लोकल कुखुरा, टर्की, र मकै तथा तरकारी खेती पनि सञ्चालनमा रहेको छ । सरकारले लगाएको लकडाउन अझ लम्ब्याए आर्थिक रूपमा माछा व्यवसाय धरासयी हुने उनले बताए ।

## लकडाउन ...

सङ्क्रमणबाट सुरक्षित हुन नेपालले बेलैमा रोकथामका उपायहरु अवलम्बन गरेको थियो । विदेशबाट हवाईमार्ग आउने नागरिकलाई हामीले अझै अगाडि रोक्न सक्ने थियौं तर हामी विश्व व्यवस्थाभन्दा अलग्गै वा एक्लै अघि बढ्न सक्ने स्थिति पनि थिएन । कतिपय मुलुकले उडानहरु नरोकेको समयमा नेपालमा मात्रै रोकिँदा किन रोकियो ? भन्ने प्रश्न पनि आउन सक्ने थियो । अन्तर्राष्ट्रिय प्रवेशविन्दु र सीमानाका बन्द तथा आवश्यक स्वास्थ्य सतर्कता अपनाएकाले नेपालमा यस महामारीले विशाल रूप लिनसकेको छैन ।

जे होस्, हामीले बन्दाबन्दी जारी गऱ्यौं । सामाजिक दूरी कायम गरी अन्य सचेतना अपनाउँदै स्वास्थ्य सुरक्षा, विश्व स्वास्थ्य सङ्गठनका मापदण्डको पालना, हाम्रा सिकाइहरुलाई लिएर परीक्षण र उपचारका काममा हामीले तदारुकता दिएका छौँ । म विस्तृत तथ्याङ्कमा जान चाहन्न तर अहिलेसम्म सङ्क्रमित भएका ३० मध्ये दुई जना उपचारपछि निको भएर फर्किएका छन् । सङ्क्रमितमध्ये एक जनाबाहेक सबै विदेशबाट नेपाल आउँदा सङ्क्रमित भएको देखिएको छ ।

यो कुनै पूर्वसङ्केतबिना आएकाले हामी कसैले यसको रोकथामका लागि पूर्वाभ्यास र तयारी गर्न पाउने कुनै भएन । विश्वका ठूला-ठूला शक्तिशाली मुलुकलाई पनि लपेटिरहेको छ । नेपालमा अहिले कोभिड-१९ परीक्षणलाई ७७ जिल्लामा नै विस्तार गरिएको छ । सबै ठाउँमा स्वास्थ्य सामग्री र जनशक्ति पुऱ्याइएको तथा सङ्क्रमित र सङ्क्रमण सम्भावितको खोजीखोजी आरडीटी र पीसीआर दुवै परीक्षणलाई तीव्रता दिइएको छ, जबकि पहिलो सङ्क्रमितको 'केस'लाई हामीले हङ्कङबाट परीक्षण गरेका थियौं । दोस्रो सङ्क्रमितपछि मात्रै नेपालमा परीक्षण गराउन थाल्यौं ।

**लकडाउन त आवश्यक नै देखिन्छ तर यसबाट परेका अरु असर पनि देखिन थालेका छन् । हुन त, विश्वका ठूला मुलुकमा पनि यो समस्याको विषय भएको छ । के लकडाउनलाई फरकरुपमा वा खुकुलो पार्ने सोच्नुभएको छ ?**

- यस महामारीले नेपालमा विकराल रूप लिन नसकोस् भनेर हामीले काम गरिरहेका छौँ । जनतामा स्वास्थ्यसम्बन्धी सचेतना गराएका छौँ । सीमानाकालाई कडाइ गरेका छौँ । लुकीछिपी प्रवेश गर्नेलाई पनि हामीले कडाइ गरेका छौँ । अब लुकेर बस्ने प्रवृत्ति पनि मानिसहरुमा भएका कारण सम्भावित सङ्क्रमितलाई खोजेर परीक्षण गरी उपचार गराउनुपर्ने स्थिति छ । यद्यपि यो लुकाउन सकिने रोग होइन । यो रोग लुकाउँदा झन् विस्फोटक भएर फैलन सक्छ । जसरी आगोले भेटेपछि कसैलाई पोल्न छोड्दैन यसले पनि कुनै ठूलो, सानो, धनी गरीब र जात वा लिङ्ग भनेर चिन्दा पनि चिन्दैन । यसले सबैलाई लपेट्न सक्छ । कोरोना पनि एक प्रकारको ढडेलो हो ।

नेपाल सरकारले मानवीय मूल्य र तिनको जीवनरक्षालाई पहिलो प्राथमिकता दिएको छ, यसमा हामी राजनीति गर्दैनौं, अर्थतन्त्रको नाफाघाटा हेर्दैनौं, नेपाली जनता, मानव र नागरिक बचाउनेतिर मात्र हाम्रो ध्यान छ । यसबाट कसैको ज्यान नजाओस् र बिरामीले राम्रोसँग उपचार पाओस् भनेर पहलहरु गरेका छौं । लकडाउन पनि त्यसैको उपज हो । मानिस बचेमा अर्थतन्त्र पुनः उठाउन सकिन्छ । अर्को वर्ष आर्थिक उपार्जन गर्न सकिन्छ तर यस वर्ष मानिस मरेका अर्को वर्ष उठाउन सकिन्न । बालबच्चाका अभिभावक गुमेर टुहुरा भए भने हामीले तिनलाई अर्को वर्ष अभिभावक उपलब्ध गराउन सक्दैनौं । बूढाबूढी गुमे पनि हामीले छोराछोरीलाई सहारा दिलाउन सक्दैनौं ।

**लकडाउन घोषणाको झण्डै एक महिना पुग्न लागेको छ । यो अझै कहिलेसम्म लम्बिन्छ ? यसको विकल्पमा अरु कुनै उपाय सोचिरहनुभएको छ ?**

- लकडाउन एउटा विधि हो । यो सरकारलाई चाहिएको विषय होइन । हामीले सामाजिक दूरी कायम, मास्क लगाउनेलगायत अरु उपाय पनि गरिरहेका छौँ । परिस्थिति हेरेर स्थिति सहज भएपछि हाम्रा आर्थिक गतिविधि क्रमशः अगाडि बढ्नेछन् । कोरोनाका कारण उत्पन्न आतङ्क समाप्त पार्नुपर्छ । कतिपय मुलुकमा हामीले देख्यौं, बाकसमा लगेर लाशमाथि लाश पुरिएको छ । के हामी पनि खाल्डोमा लाशमाथि लाश पुरिएको हेर्न चाहान्छौं ? यसले आतङ्क सिर्जना भएमा त्यसले ल्याउने डिप्रेशन र क्षतिको आँकलन गरेका छौं ? ठूला भनिएकै मुलुकमा सङ्क्रमित संख्या बढेपछि अस्पतालमा उपचार गर्न नसकेर सडकमै पाल टाँगेर भेन्टिलेटर राखेर उपचार गराइएको छ । यस्तो स्थितिमा पुग्नुको साटो लकडाउन सहनु नै उपयुक्त हो । त्यसैले लकडाउन गरेर सरकारले जनतालाई दुःख दियो भन्न मिल्दैन ।

त्यसलाई कुनै राजनीतिको मुद्दा बनाउनु हुँदैन । यो सरकारले लकडाउन गरेको छ भन्ने विषय होइन, जतना जोगाउन गरिएको विषय हो । यो यहाँ मात्र होइन विश्वमै लागू भइरहेको छ । विश्वका कतिपय मुलुकका जहाँ प्रभावकारी लकडाउन छैन, त्यहाँ बढी मानवीय क्षति भएको छ । महामारीलाई रोक्ने सन्दर्भमा अर्थतन्त्र, राजनीतिक विचार र राजनीतिक प्रणालीका आधारमा जोडेर हेर्नु हुँदैन । म विश्व समुदायलाई पनि के आव्हान गर्न चाहन्छु भने यसका विरुद्ध विश्व समुदाय एकताबद्ध भएर सतर्क र राष्ट्रिय एकताका साथ हामी जुट्नुपर्छ । यो राजनीतिभन्दा माथिको कुरा हो । यस सन्दर्भमा म संयुक्त राष्ट्रसंघका महासचिव एन्तेनिओ गुटेरेसले यसै गरेको आग्रहलाई पालना गरौं भन्ने जोडदार समर्थन गर्न चाहन्छु । आगामी मे ५ (वैशाख २३)मा असंलग्न मुलुकहरुको सङ्गठन (नाम)ले चाल्ने कदमको पनि समर्थन गरी हामीले साझा शत्रुविरुद्ध एक हुन विश्व समुदायलाई आव्हान गर्दैछौं ।

लकडाउन खुकुलो पार्दै जाने होइन, अन्त्य नै गर्ने हो । त्योभन्दा पहिला कोरोनाको अन्त्य हुनुपर्छ । मान्छेको जीवन बचाउनुपर्छ । हामीले भाइरसले भयावहको स्थिति नलिओस् भन्ने हो । एउटा कुरा चाहिँ म के भन्न चाहन्छु भने कोरोनाको स्थिति सहज भएपछि हाम्रा जिल्ला-जिल्लामा स्वास्थ्य क्षेत्रको पूर्वाधारको विकास र जनशक्तिको पर्याप्ततामा आमूल सुधार भएको हुनेछ । यही बीचमा हामीले अरु बिरामीको पनि हेरविचार गरिरहेका छौँ ।

म फेरि पनि आग्रह गर्न चाहान्छु, अर्थतन्त्रमा नकारात्मक असर पर्छ भनेर मानवीय मूल्यलाई पछाडि पार्न सकिँदैन । मान्छे बाँचेमा न अर्थतन्त्र र समृद्धिको अर्थ रहन्छ । मान्छे नै नरहेन स्थिति हुन नदिनका लागि लकडाउन गरिएको हो भन्ने बुझ्नुपर्छ । भावुक भएर आवागमनलाई खुकुलो पार्नु हुँदैन । हामीले सकेसम्म छिट्टै लकडाउन हटोस् भन्ने चाहन्छौं । सङ्क्रमितलाई विदेशबाट छिर्न नदिने अवसर सिर्जना हुन दिँदैनौं ।

**कोभिड–१९ को उपचारका निम्ति हालसम्म औषधि वा खोपको त विकास भएको छैन । तर,पीपीइदेखि अन्य परीक्षणका सामग्रीको पनि राम्रोसाग व्यवस्थापन हुनसकेको छैन । अर्कातिर खरिदको विषय पनि विवादमा छ । यसलाई कसरी लिनुभएको छ ?**

- हामीले कतिपय होटलमा जाँदा त्यहाँ एक प्रकारको धुन बजिरहेको सुन्छौं । त्यो सुमधुर धुन हो तर नेपालमा एकथरि कर्कस धुन मात्र निकालिरहने समूह छन् । मैले पटक-पटक भनेको छु, मेरो र यो सरकारको भ्रष्टाचारविरुद्धको प्रतिबद्धताका बारेमा, म भ्रष्टार गर्दिनँ र हुन दिन्न भनेर । मैले शेषपछि हुने गरी मेरो र श्रीमतीको नामको सम्पत्ति ट्रष्टका नाममा दान गरिसकेको छु । मेरो श्रीमतीले ३३ वर्ष बैंकमा काम गरेर बचत गरेको र अहिले मेरो तलब नै मेरो सम्पत्ति हो । मलाई पैसा कमाउनु छैन । म कमाउन यहाँ आएको होइन, देश बनाउन आएको हुँ । म बोली र व्यवहारमा प्रतिबद्ध छु ।

खाली कुरा के हो भने पहिले-पहिलो भएका भ्रष्टाचारका मुद्दालाई यो सरकारले छानबिन र कारवाही गरेको हुँदा यही सरकारले भ्रष्टाचार गरेको भन्ने ढङ्गले कुप्रचार गर्ने गरिएको छ । जस्तो बालुवाटारको ललिता निवास प्रकरण विगतमै भएको हो । हामीले जाँचबुझ अघि बढायौं । वाइडबडी प्रकरणको कुरा पहिल्यै शुरु भएको हो । ३८ केजी सुन प्रकरणमा हाल करिब ७३ जना कारागारमा छन् । धेरैलाई मुद्दा लागेको बताउँदै २२-२४ जनालाई जिउँदै पोल्ने पनि पहिले सांसद भएर बसेका थिए । तिनीहरु छानबिन आएपछि शासन सुव्यवस्था नभएको र भ्रष्टाचार भएको भनी आरोप लगाइएको छ । तर सबै अनियमितता एकैपटक नरोकिन सक्छन् । सुशासन लामो यात्रा हो ।

प्रधानमन्त्री अहिले पहिलेको जस्तो खरिद बिक्रीको कारोवार गर्दैन । पहिला-पहिला आफूले गरेकाले त्यही सम्झिएर वा ऐनामा हेर्दा आफ्नो त्यही अनुहार देखेर अहिले अरुले पनि त्यही गरेको हुनुपर्छ भन्ने हल्ला चलाइरहेका छन् । स्वास्थ्य सामग्री सम्बन्धी सम्झौता र रद्द गर्ने काम स्वास्थ्य मन्त्रालयको सम्बन्धित विभाग हो । सम्झौता रद्द भएको मैले प्रेस ब्रिफिङबाटै थाहा पाएको हुँ । त्यसका प्रधानमन्त्री र मन्त्रिपरिषद्लाई जोडेर प्रचार गरिनु कर्कश धुन बजाउनुजस्तै हो । यो कुरा भ्रम सिर्जना गर्ने, जनता अल्मल्याउने र सरकारलाई असफल पार्ने मनसायबाट प्रेरित हुन् । स्वास्थ्य सामग्रीसम्बन्धी त्यो सम्झौता रद्द भयो, जमानत जफत भयो र कालोसूचीमा राखियो, अनियमितता गर्नेलाई कारवाही हुन्छ । अधिकार प्राप्त निकाय र व्यक्तिले सही रूपमा त्यसको प्रयोग गर्नुपर्छ । आशङ्का गर्नु अन्यथा होइन, छानबिन हुँदा गलत पाइए कारवाही हुन्छ तर जेमा पनि शङ्का गरेर यस्तो स्थितिमा काम गर्ने मान्छेलाई हतोत्साहित गर्नु हुँदैन ।

**रोकथाम र उपचारका लागि मन्त्रिपरिषद्, उच्चस्तरीय समन्वय समिति र सीसीएमसीजस्ता संयन्त्र छन् । यी निकायबीच उपयुक्त समन्वय, कार्यविभाजन र कार्यान्वयन कसरी भइरहेको छ ? जति बढी संयन्त्र उति बढी अन्योल हुने त होइन ? यसमा जिम्मेवारी कसको ?**

- जिम्मेवारी हामी सबैको हो । यस अभियानमा हरेक व्यक्ति एक सिपाही हो । विश्वकपहरुमा पनि हामीले देख्छौं, फुटबलमा नि जगेडा खेलाडी हुन्छ । गोलकिपरले, स्ट्राइकर आदिले बल कहाँ जाँदैछ, कसले कसलाई पास गर्ने र जित्ने भन्ने हुन्छ । त्यसका कारण यहाँ पनि हामी सबैले आ-आफ्नो भूमिका खेल्ने हो । मन्त्रिपरिषद्ले समग्र नीतिगत निर्णय र निर्देशन दिन्छ । उच्चस्तरीय समितिले समन्वय गर्छ । सीसीएमसीले सामग्री व्यवस्थापन, प्राथमिकता निर्धारण र सूचना आदानप्रदान गर्छ । सेना, प्रहरी र निजी चिकित्सक समेतलाई परिचालन गर्छ । यसमा कसैको भूमिकामा दोहोरोपन हुँदैन । हामीले आवश्यक जनशक्ति तयार गरेर बसेका छौं । यी तयारी तमासा देखाउनका लागि होइन । तर सरकारले केही गर्न सकेन, तयारी केही भएन, असफल भयो जस्ता प्रचार सही छैन । यो नकरात्मकताको बिम्ब हो । यथार्थ होइन ।

**लकडाउन लम्बिँदै जाँदा देशभित्र रहेका र खासगरी भारतमा रहेका कतिपय मजदुर, श्रमिक र अन्य बेरोजगार बनेका असंगठित क्षेत्रका मजदुर र स्वरोजगारहरु स्वदेश र घर फर्किने चाहनाले लामो दूरीको कष्टकर यात्रा तय गरिरहेका देखिन्छन् । यस स्थितिलाई व्यवस्थित गर्न सरकारले के सोचिरहेको छ ?**

- वास्तवमा विचारहीन र आग्रहपूर्ण ढङ्गले जे मा पनि विरोध र दुष्प्रचार झुठ र अमर्यादित प्रस्तुति गरिनु एकाध मान्छेको कर्कश धुन हो । यसरी आलोचना गर्नु त्यो उनीहरुको प्रवृत्ति हो । अमर्यादित शैलीमा गरिने आरोपले आरोपकर्ताहरुको सांस्कृतिकस्तर देखाउँछ तर जनताको जीवनरक्षा गर्ने आफ्नो जिम्मेवारीमा सरकार पछि पर्दैन । यसमा सबैको साथ र समर्थन छ ।

**लकडाउन लम्बिँदै जाँदा मजदूर, श्रमिक र अन्य बेरोजगारहरु काठमाडौंबाट गाउँ जान वा भारतबाट स्वदेश फर्कने क्रममा लामो पैदलयात्रा तय गर्नुपरेको कष्टपूर्ण दृश्य देखिएमा छिटो माध्यमबाट सम्बन्धित निकायमा सूचना दिऊा । हेल्लो सरकार छ । या अरु माध्यम हुन सक्छन् । सिसीएमसीमा २० जना मान्छे २४सै घण्टा स्ट्याण्डबाइ बसिरहेका छन् । त्यहाँ खबर गरौं । बिजोग दृश्यमा रमाइलो मान्नेभन्दा पनि यसलाई रचनात्मकरूपमा समाधान गर्न लाग्न सकिन्छ । प्रहरीलाई थाहा नदिइ एकाएक धादिङको सडकमा केही यात्रु कसरी देखिए ? अनि प्रहरी र सिडिओलाई थाहा नभएको घटनामा त्यहाँ पहिल्यै काठमाडौंदेखि पत्रकार कसरी पुगे ? के यो रहस्यपूर्ण छैन र ?**

- त्यसकारण सञ्चारमाध्यमले पनि यस्तो स्थितिमा अघिल्लो दिन लिइएको भिडियो भोलिपल्ट देखाउनुभन्दा तत्कालै सूचना दिएर सहयोग गर्न सक्छ । सरकारलाई गालीको फेहरिस्तभन्दा छिटो सूचनाका माध्यमबाट सरकारलाई सूचना दिन आग्रह गर्दै त्यस्तो स्थितिमा यात्रु र मजदूरहरु परेको थाहा पाएलगत्तै सरकारले बाटामा खाना खुवाउने र सुरक्षितरूपमा गन्तव्यमा पठाउने प्रबन्ध गरेको छ । यस्तो बेलामा सरकारलाई विरोध गर्न अस्त्रहरु तयार गरेर कसैले पनि खेल्नु हुँदैन । नेपालमा रोग या भोकले कोही मर्नु पर्दैन । यो देश भीखमङ्गाहरुको देश होइन । गरिखानेको देश हो । विशेष परिस्थिति भएकाले आमजनतालाई असुविधा भएको कुरा हामीले महसुस गरेका छौं । पहिला त भाइरस रोगबाट जीवन बचाउनुपर्छ भनेर एकजुट भइ लाग्नुपर्छ । हामीले राहत वितरणलाई पनि निरन्तरता दिएका छौं । त्यहाँ कुनै अपर्याप्ता छ भने हेर्न सकिन्छ ।

**लकडाउनका बेला दैनिक उपभोग्य वस्तुको आपूर्ति व्यवस्था पनि नियमित गर्नुपर्ने दायित्वलाई पूरा गर्न कस्तो प्रबन्ध भइरहेको छ ?**

- हामीले आपूर्ति व्यवस्थाका उचित प्रबन्धका लागि खरिद केन्द्रहरु खडा गरेका छौं । मूल्यवृद्धि हुन दिएको छैनौं । इन्डक्सन चुल्होको प्रयोगमा प्रोत्साहन गरिएको छ । मुलुकमा अनिकालको स्थिति छैन । अखाद्य वस्तु बिक्री गर्नेलाई कारवाही गरिएको छ । यो गरीब, निमुखा सबैको सरकार हो । यहाँ बाँच्ने स्थिति सबैको हुन्छ । नत्र किन जनता आवास कार्यक्रमजस्ता कार्यक्रम ल्याउँथ्यो ?

**भारतमा रहेका कतिपय नेपाली स्वदेश फर्कन पाऊँ भनिरहेका छन् । कोही सीमामा अलपत्र छन् । खाडीलगायत मुलुकमा पनि श्रमिक नेपालीहरुको अवस्था गम्भीर हुँदै आएको छ । यसबारे केही सोच्नुभएको छ ?**

- स्वदेश आउन पाउनुपर्छ । तर, देशभक्ति उम्लिने कतिबेला ? हामी उहाँहरुलाई कोरोनारहित अवस्थामा स्वदेश फर्काउन चाहन्छौं । के संक्रमितलाई धमाधम ल्याएर गाउँगाउँ पठाएर अरु मान्छे सोत्तर बनाउनुपर्छ भन्ने हो ? हामीले सीमामा अलपत्र परेकालाई इच्छा अनुसार होटलमा वा क्वारेन्टाइन राख्न भनेका छौं । केही मानिस होटलमा नबस्ने, क्वारेन्टाइनमा नजाने अनि दशगजामा सुत्ने गरेको पनि पाइयो । नेपालीलाई पारि पनि खानबस्न व्यवस्थाका लागि हामी सम्बन्धित सरकारसँग कुरा भएको छ । अनि जसरी पनि आउनुपर्ने ? हामी भारतको सङ्क्रमणको स्थिति हेरेर मात्रै सीमा खुलाउँछौं । सुदूरपश्चिमलाई कोरोनाको इपिसेन्टर हुन दिँदैनौं । यस्तो बेलामा संविधानको किताब हेरेर हिँड्डुलको अधिकार खोज्ने होइन, कोरोनबाट बच्ने हो ।

मैले नेपालीहरु रहेका विभिन्न मुलुकका समकक्षीसँग चरणबद्धरूपमा कुरा गरिरहेको छु । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीदेखि विभिन्न सरकार प्रमुखसँग कुरा गरेको छु । र अन्य संयन्त्रले सम्बन्धित तहमा कुरा गरिरहेका छन् । त्यहाँका सरकारले त्यहाँ रहेका श्रमिक र विद्यार्थी नेपालीलाई आवश्यक उचित प्रबन्ध गर्छौं भनेका छन्, त्यसकारण आत्तिनुपर्ने स्थिति छैन ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह–सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी–९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३–५४१००२/प्रशासन/विज्ञापन : ०२३–५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## आत्मबल मर्नु हुँदैन

स्वास्थ्य मन्त्रालयले सरूवा रोग अस्पताल टेकूका सरूवा रोग विशेषज्ञ डा. शेरवहादुर पुनलाई स्पष्टीकरणको लागि बोलाएको विषय अहिले चर्चामा छ। उनीमाथि कारवाही गर्ने नियतले पत्र काटिएको हो भने यसले कोरोनाबिरूद्धको लडाइँमा हाम्रा योद्धाहरुलाई कमजोर बनाउँछ- यो निश्चित छ। भाइरसबिरूद्ध अग्रमोर्चामा रहेका डाक्टर पुन र उनी जस्तै सैनिकलाई हतोत्साहित गर्ने अपराध गरिए त्यो नेपालीले संविधानतः प्राप्त गरेको स्वास्थ्य सेवाको पहुँच सम्बन्धी हकको बर्खिलाप पनि हुनेछ। नेपाललगायत साना-ठूला, विकासशील- विकसित सबै कोरोनाबिरूद्ध लडिरहेका छन्। तर त्यसलाई परास्त गर्न सकिएको छैन। विगत झण्डै दुई दशकदेखि अनेक सरूवा रोगबिरूद्ध खोज,अनुसन्धान र उपचार गर्दै आएका उनी र उनीजस्ता सबैलाई राज्यले मात्र होइन आम नेपालीले हौसला, प्रोत्साहन र सम्मान गर्नुपर्छ।

चिकित्सक, स्वास्थ्यकर्मीको उत्साहपूर्ण उपस्थिति र सेवाप्रतिको समर्पित कर्म नै यो विपत्ति निरस्त्र बनाउने पहिलो आधार हो। उनीहरूलाई सुरक्षित र उपकरणयुक्त बनाउनु सरकारको नैतिक र वैधानिक कर्तव्य हो। निशस्त्र र आत्मबल कमजोर भएकाहरूको बलले युद्ध जित्न सकिँदन। डाक्टर पुनलाई कारबाही गर्नुपर्ने अभियोग यदि आमजनमानसमा सचेतना प्रवाह गरेको हो भने जिम्मेवार व्यक्तिहरू नै यतिबेला स्वघोषित विज्ञहरूलाई पनि त्यही दायरामा ल्याइनुपर्छ। सरकारले स्वास्थ्य सामग्रीहरु ल्याउन विधि र प्रक्रिया विपरीत ओम्नी समूहलाई जिम्मा दिएको विवाद त्यत्तिकै छ। अझ गुणस्तरहीन सामग्री ल्याएको भन्दै त्यसको विश्वसनीयतामा प्रश्न उठेको थियो। तत्काल प्रयोग नगर्ने भनिएका ति सामग्री गुणस्तर परीक्षण नै नगरी प्रयोग भएको चर्चा सेलाएकै छैन। नेपाल स्वास्थ्य अनुसन्धान परिषद्बाट गुणस्तर परीक्षण गरेर मात्र उपयोग गर्ने स्वास्थ्य मन्त्रालयको भनाइ कति पूरा भयो, यसको जबाफ कसले दिने ?

महामारीको रूप लिएको, आजसम्ममा झण्डै दुई लाख मानिसको ज्यान लिइसकेको कोरोना भाइरसको जोखिमबाट बच्ने उपायका वारेमा सञ्चारमाध्यमबाट सचेतना प्रवाह गरेको उनीमाथि कारबाहीको कारण रहेको बताइन्छ। अझ स्वास्थ्य मन्त्रालय स्रोतले उनीमाथि जथाभावी बोलेको, लेखेको आरोप लगाएको छ। उनले भाइरस परीक्षण गर्ने विधि आरडीटीको नतिजाले जनमानसमा भ्रम सृजना हुने बताएका थिए। बरू पीसीआर परीक्षणको नतिजापछि आरडीटी नतिजा सार्वजनिक गर्न सुझाव दिएका थिए। विज्ञता, सरलता र आबद्धताका कारण दर्शक र श्रोताकाबीच परिचित उनीमाथि पूर्वाग्रह राखेर कारबाही गरिनु नेपालीको हितमा हुनसक्दैन।

ढिलो र सुस्त गतिमा परीक्षण भइरहँदा पनि संक्रमित नेपालीको संख्या अढाई दर्जन नाघेको छ। हामी धेरैले यो महामारीलाई गम्भीर रूपले लिएका छैनौं। यसको परिणाम भयावह हुन सक्छ हामीले कल्पना पनि गर्न सकेको छैन। जनताको सुरक्षाका लागि आफू र परिवारलाई छाडेर अहोरात्र खटिरहेका सुरक्षाकर्मीलाई ख्याल ठट्टाको विषय बनाएका छौं। घरमै बस्ने सरकारको निर्णयको औचित्यलाई प्रहरीसँग लुकामारी खेल्ने विषय बनाएका छौं। जुन किमार्थ आफ्नो जीवनका लागि उपयुक्त हुन सक्दैन। यस्तो संकटग्रस्त समयमा सरकारले पनि दूरदृष्टि राख्नै पर्छ। डाक्टर पुनलाई कारबाही गर्ने उद्देश्यले मन्त्रालय बोलाइएको हो भने त्यो सम्पूर्ण स्वास्थ्यकर्मीलाई अपमानित गराउने कारण बन्न सक्छ। उनीहरू सरोकारको व्यवहारबिरूद्ध भद्र अवज्ञामा उत्रिए भने परिणामको कल्पना नै गर्न सकिने छैन।

# कोभिड-१९ र राहत



चन्द्रप्रसाद पोखरेल

*महामारीको एकजुट भएर सामना गर्नुको विकल्प छैन। जसरी प्रकोप नियन्त्रणमा अहिले सबै दल एकठाउँमा उभिएका छन्, यो सकरात्मक पक्ष हो। विपन्न र धनीबीच केही समानजस्यता देखिएको छ यो वेला। पैसाले मात्र बचाउन सक्ने स्थिति देखिँदैन यो वेला। किनकि, आफू जति नै सचेत भए पनि समाजको अर्को वर्ग संक्रमित भयो भने संक्रमण चाँडै हरेक व्यक्तिसम्म पुग्छ। त्यसैले कोरोनाविरुद्धको लडाइँमा सामूहिक प्रयासको खाँचो छ।*

चीनको वुहान इपिसेन्टर भएको कोरोना ( कोभिड-१९) भाइरस अहिले विश्व महामारीका रुपमा फैलिएको छ। यो संक्रमणका कारण विश्वमा अहिले जुन परिस्थिति सिर्जना भएको छ, यो सायदै कसैले कल्पना गरेका थिए। विश्वका शक्तिशाली मुलुक पनि यो संक्रमणका कारण थलिएका छन्। विश्व राजनीतिमा यसले उथलपुथल ल्याउने संकेतहरु देखिएका छन्।

विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) को हालसम्मको तथ्याङ्क अनुसार एक लाख ४६ हजार जनाले ज्यान गुमाइसकेका छन् भने साढे २१ लाख संक्रमित छन्। नेपालमा पनि कोरोना भाइरस संक्रमितको संख्या ३१ पुगेको छ। र, संक्रमणको दर बढ्दो क्रममा देखिन्छ।

कोभिड-१९ नियन्त्रणका लागि सरकराले ११ चैतबाट लकडाउनको घोषणा गरेको थियो। जसको कारण आर्थिक सङ्कट चुलिँदै छ। आर्थिक वृद्धिको लक्ष्य भेट्न नसकिने स्पष्ट भइसकेको सरकारी अधिकारीहरुले नै बताइसकेका छन्।

कोरोना भाइरसका कारण अहिले संसार भरका मानिसहरु घरमै छन्। विकासको चरम सीमामा पुगेका मुलुकहरु पनि यसबाट अछुतो छैनन्। यो भाइरसको औषधि पत्ता लगाउन विभिन्न मुलुक होडबाजीमा नरहेका पनि होइनन्। तर, अहिलेसम्म उपलब्धी हात लागेको छैन।

नेपाल जस्तो गरिवीको चपेटामा परेको देश यस्तो महामारीको आक्रान्तबाट अछुतो रहने कुरै भएन। आवश्यक पनि नेपाली झनै पीडित छन्। संख्यात्मक रुपमा संक्रमित कम भए पनि यसले पार्ने प्रभावका दायरा फराकिला छन्।

दैनिक ज्याला मजदुरी गरी खाने नागरिकले रोजीरोटी गुमाएका छन्। कतिपयको चुल्हो बल्न छाडेको छ। लकडाउन बढ्दै जाँदा रोगभन्दा भोकले नागरिकले ज्यान गुमाउन सक्ने देखिएको छ। उपत्यकामा विना व्यवस्थापन रोकिएका मजदुरको धैर्यताको सीमा कतिवेला फुट्ने हो टुंगो छैन।

लकडाउन बढ्दै जाँदा यसका बाइ-प्रोडक्टका रुपमा घरेलु हिंसा, चोरी, लुटपाट र साइबर अपराधका घटना बढ्दै गएका छन्। पर्सामा राहत स्वरुप लगिएका सामग्री नै चोरी भएका छन्।

अमेरिका, चीन जस्ता मुलुकमा जस्तै नेपालमा पनि घृणाजन्य अपराध (हेट क्राइम) देखिन थालेका छन्। जनकपुरमा १० रुपैयाँको झण्डै १५ वटा नोट छेरेर दुई जना महिला भागेको घटना यसैको उदाहरण हो। दुई महिलामध्ये एक जनाको र्‍यापिड परीक्षणमा कोरोना एन्टीबडी पोजेटिभ देखिएको थियो।

अहिले मुलुकुमा न पर्याप्त स्वास्थ्य सामग्री छन् न सरकारी पक्षबाट चिकित्सकलाई उर्जा र प्रोत्साहन नै छ। बरु कहिले सरकारी प्रहरीले चिकित्सकलाई भाटे कारबाही गर्छन्, कहिले स्वास्थ्यमन्त्री स्वयम् विज्ञ डाक्टरको मुख थुन्ने प्रयास गर्छन्।



सामाजिक सञ्जालमा कोरोनाबारे भ्रामक सूचना फैलिरहेका वेला सर्वसाधारणलाई तथ्य कुरा दिएर सजग गराइरहेका महामारी रोग विशेषज्ञ डा. शेरबहादुर पुनमाथि डण्डा चलाउने सरकारी प्रयासको जति भर्त्सना गरे पनि पर्याप्त हुँदैन।

अब मोफसलका कुरा गरौं। कसैलाई कारोना लागेको हो/होइन होइन थाहै छैन, सामान्य रुघा, खोकी र ज्वरोमै छिछि-दुरदुर हुने गरेको छ। जताततै भय र त्रास सहँदै छन् नेपाली।

आफ्नो घर सबैभन्दा सुरक्षित हुन्छ भन्ने थाहा हुँदाहुँदै पनि श्रीमती देख्यो कि कोरोना नै छ कि भन्ने त्रास हुन्छ। छोराछोरीलाई हेर्‍यो, कतै गएर कोरोना सरिसक्यो कि भन्न भय। साथीभाइलाई सम्झियो, कोरोना नभएको कोही छ, जस्तै नलाग्ने। कोरोनाले पछ्याइरहेझैँ लाग्छ।

त्यसैले बर्षौंदेखि सुरक्षा दिइरहेको आफ्नै घर पनि असुरक्षित पो छ कि झैँ लाग्ने। अन्य छरछिमेकीको त कुरै छाडौं। घरका कुनै पनि सदस्यहरुले हाछ्यु गर्नै नहुने। खोक्यो कि त्यही कोरोनाको सन्त्रास।

स्थानीयस्तरमा केही जनप्रतिनिधिहरु राहत बाँड्न व्यस्त भए जस्तो देखिन्छ। तर, २ वटा केराका कोसा बाँड्दा पनि तस्वीर खिचेर फेसबुकमा पोस्ट्याउने क्रम अझै रोकिएको छैन। भन्न त सरकारी निर्देशन राहत बाँडेको तस्वीर नखिच्नु भन्ने छ। तर, तस्वीर खिच्न रोक लगाउँदा राहत दिने 'मनकारी' नै घट्ने स्थिति छ।

लाग्छ, उनीहरु असल नियत बोकेरभन्दा सहयोग गरी टोपलेको समाजलाई देखाउन चाहन्छन्। फेसबुके समाजसेवी, भलाद्मी बन्न खाज्नेहरु यो प्रकोपको समयमा प्रशस्तै देखिएका छन्। गरिबीलाई गिज्याउन खोज्नेहरु चिनिएका छन्।

केही दिन अघिको कुरा हो। एउटा दम्पत्ती बाटामा हिँड्दै थिए। एक जना टोल सुधार समितिका अध्यक्षले यता आउनु यता आउनु भनेर बोलाए।

'तपाईलाई अघि नै लिन पठाएका थियौं। किन नआउनु भएको ?'- अध्यक्षले प्रश्न तेर्स्याए। उनीहरु फिस्स हाँसे मात्रै। केही नबोली अघि बढे। दुबै जनाले राहत लिनका लागि नाम टिपाउन चाहेनन्। त्यो देखेर मैले भने- 'जानुन जानु त्यता। त्यहाँ राहतको लागि नाम टिपाउँदैछन्।'

उहाँहरु दुई मध्ये श्रीमानूले भन्नुभयो- 'उनीहरुले एक पटक दिएकाले हामीलाई सधैँ भरि पुग्छ र ?' म छक्क परेँ। अवाक् बनें। मेरो मानसपटलमा धेरै लामो समयसम्म ज्वारभाट चली रहे। ए.. गरिवको चपेटा रहेकालाई अरुको खानु हुँदैन, राज्यको सम्पत्ति दुरुपयोग गर्नुहुँदैन भन्ने असल विचार अझ बढी हुँदो रहेछ। हुनेखाने भनि टोल्नेभन्दा उनीहरुको मन स्वच्छ हुँदो रहेछ।

त्यसो त सबै उस्तै पनि हुँदैनन्। केही दिन अघि हाम्रै नगरमा एउटा सेउलाले बारेको घरमा आगलागी भयो। त्यहाँबाट शुरु भएको आगो अन्यत्र पनि फैलियो। त्यस घरका घरमुली सुरुङ्गा बजारमा प्लाष्टिक टिप्थे र त्यसलाई बेचेर घर व्यवहार धान्थे। उनी पनि राहत पाउने सूचीका व्यक्ति थिए। घरमा उनी नभएका बेला आगलागी शुरु भयो।

स्थानीय जनप्रतिनिधि र प्रहरी लगायत स्थानीयबासीहरुले आगो नियन्त्रणमा लिए। उनको घरमा भने बाकसमा लुकाइ राखेको २४ लाख रुपैयाँ फेला पर्‍यो। घरभित्र २४ लाख ५० हजार रुपैयाँ, डेढ तोला सुन र १८ तोला चाँदी बरामद भयो।

एक बोरा चामल, १ केजी नून, १ लिटर तेल, १ केजी दाल राहत लिने कतिपय महानुभावका हातमा सुनका औँठी पनि देखियो। राहत बाँड्ने क्रममा एउटा टोलमा आँगनमा २ वटा बस थिए। बस मालिक भन्दै थिए, 'गाडी नकुदेको धेरै भयो, कमाइ छैन, राहत मलाई पनि।' हामी नेपाली मानसिक रुपले पनि को कति तल माथि ? यस्तै बेला थाहा हुँदो रहेछ।

मेरा छेउमा एक जना जनप्रतिनिधि थिए। एक जना खोलापारीपट्टिको टोलकी महिला आइन् र राहत दिन भनिन्। जनप्रतिनिधिले भने- 'टोलबाट तपाईंको राहत पाउने सूचीमा नाम सिफारिस भएको छैन त।' महिलाले जवाफ फर्काइन्- 'गरीवको मत मागेर चुनाव जित्नु भयो, अहिले गरिवले राहत माग्दा म धनी भएँ ? फेरि चुनाव आउला नि ! मेरा घरमा ४ भोट छन्।'

यी हाम्रा टोलका हामी नेपालीका प्रतिनिधि पात्र हुन्। सबैतिर यस्तै भइरहेको छ। देशमा कोरोनाको डरले मानसिक तनाव थपिरहेको छ। साँच्चै नेपाललाई पशुपतिनाथले नै बचारहेको जस्तो लाग्छ। अन्य मुलुकमा संक्रमण भएझैँ एक व्यक्तिबाट अर्को र अर्कोबाट अर्को सर्दै जाने हो भने नेपालका अधिकांशलाई यो भाइरस सर्न कत्ति समय पनि लाग्दैन। तर, यस्तो भएको छैन। र, नहोस् पनि।

यी त भए, महामारीका वेला देखिएका विकृत मानसिकता र सन्त्रासका कुरा। तर, यसका सकरात्मक पक्ष पनि हुन सक्छन्। महामारीको एकजुट भएर सामना गर्नुको विकल्प छैन। जसरी प्रकोप नियन्त्रणमा अहिले सबै दल एकठाउँमा उभिएका छन्, यो सकरात्मक पक्ष हो।

विपन्न र धनीबीच केही समानजस्यता देखिएको छ यो वेला। पैसाले मात्र बचाउन सक्ने स्थिति देखिँदैन यो वेला। किनकि, आफू जति नै सचेत भए पनि समाजको अर्को वर्ग संक्रमित भयो भने संक्रमण चाँडै हरेक व्यक्तिसम्म पुग्छ। त्यसैले कोरोनाविरुद्धको लडाइँमा सामूहिक प्रयासको खाँचो छ।

सबैले सामाजिक दूरी कायम गर्नु आवश्यक छ। कोरोनाले धनी, सुविधासम्पन्न भनिने र पिछडिएको भनिने मुलुकलाई एउटै स्थानमा ल्याइदिएको छ। शक्तिशाली भनिने देशहरुलाई पनि गरीब मुलुकका जस्तै बनाइदिएको छ, कोरोनाले।

विश्व राजनीतिमा कोरोनाले उथलपुथल ल्याउँदैछ। विश्व शक्तिशाली मुलुकबीच जैविक युद्ध भइरहेको आभाष हुन्छ। विश्वभर कलकारखाना, उद्योग धन्दा, यातायात सबै बन्द छन्। अब केही समयका लागि वायु, ध्वनि, जल, थल आदिका प्रदुषण रोकिएको छ। प्रकृति स्वच्छ भएको छ।

कोरोनाले सिकाएको पाठ के पनि हो भने हरेक वर्ष महामारी नआए पनि हामीले विश्वमा वा कुनै पनि मुलुकमा आइपर्ने संकटको सामना गर्न एकजुट हुनुपर्छ। सामुहिक प्रयासले नै सफलता हासिल हुन्छ। अहिलेको समयमा सबै घरभित्रै बसौं, कोरोनाको संक्रमणबाट आफू बाचौं र अरुलाई पनि बचाऔं।

**(पोखरेल कनकाई मावि, झापाका शिक्षक हुन्।)**

**अन्तर्राष्ट्रिय समाचार**

# कोभिड-१९बाट विश्वभर ३० नेपालीको मृत्यु

**काठमाडौं, बैशाख ७।** विश्वभर फैलिएको कोरोना भाइरस (कोभिड-१९) बाट शनिबार साँझसम्म मृत्यु हुने गैरआवासीय नेपाली ( एनआरएनए) ३० पुगेका छन्।

एनआरएनका अध्यक्ष कुमार पन्तको अध्यक्षतामा गठित कोभिड -१९ उच्चस्तरीय समिति, स्वास्थ्य उपसमितिले संकलन गरेको तथ्यांकानुसार बेलायतमा १७, अमेरिकामा १०, संयुक्त अरब इमिरेट्समा दुई र आयरल्याण्डमा एक जनाको निधन भएको हो।

स्वास्थ्य उपसमितिका संयोजक डा सञ्जीव सापकोटाका अनुसार नेपालबाहेक विश्वभर एक हजार १६६ गैरआवासीय नेपाली अहिले कोरोनाबाट संक्रमित छन्। विश्वभर छरिएका गैरआवासीय नेपाली विज्ञ चिकित्सको समूहले तयार पारेको सो आँकडानुसार २१ देशमा रहेका नेपाली कोभिड -१९ बाट संक्रमित रहेको एनआरएन, कोभिड- १९, उच्चस्तरीय समितिका प्रेस संयोजक चिरन शर्माले जानकारी दिए।

नेपालमा भने १९ हजार ५५४ जनामा परीक्षण गरिएकामा ३१ जनामा कोरोना संक्रमण देखिएको छ भने दुई जना कोरोनामुक्त भई घर फर्किसकेका छन्।

संक्रमित हुने विदेशमा बसेका नेपालीमा अमेरिकामा करिब सात सय, बेलायतमा दुई सय, संयुक्त युएईमा ७१, बहराइनमा ४९, आयरल्याण्ड र पोर्तुगलमा २२-२२, कुवेतमा २१, अष्ट्रेलियामा ११, स्पेनमा १०, स्वीट्जरल्याण्डमा पाँच, जर्मनी, बेल्जियम र साउदी अरबमा चारचार, क्यानडा र मलेसियामा तीनतीन, माल्टामा दुई तथा फ्रान्स, जापान, म्यान्मा र हङ्कङमा एकएक जना रहेको उपसमितिले जनाएको छ।

विदेशस्थित विभिन्न अस्पतालमा कार्यरत नेपाली चिकित्सक र कुटनीतिक नियोग, एनआरएनका शाखा तथा स्थानीय संघ-संस्थाद्वारा प्राप्त सूचनालाई मुख्य आधारलाई मानेर सो आँकडा तयार पारिएको स्वास्थ्य उपसमितिले जनाएको छ। विदेशमा कोरोना भाइरसबाट मृत्यु भएकाहरुको परिवारको सहयोगार्थ एनआरएनले आफ्ना शाखाहरुलाई परिचालन गरेको जनाइएको छ।

एनआरएनका अध्यक्ष पन्तका अनुसार बिहीबार साँझसम्म दुई दर्जनभन्दा बढी देशमा १० हजारभन्दा बढी कोरोना पीडितका लागि राहत वितरण गरिएको छ।

## अमेरिकामा १० नेपालीले जीवन गुमाए

**अमेरिका, बैशाख ७।** अमेरिकामा महामारीको रूपमा फैलिएको कोरोना भाइरसका कारण जीवन गुमाउने नेपालीको संख्या १० पुगेको छ। तीन साताअघि निधन भएका ७२ वर्षीय विष्णुकुमार राईको शव न्यूयोर्कको एल्मर्स्ट अस्पतालमा भएको पुष्टि भएसँगै निधन हुनेको संख्या १० पुगेको हो।

यसअघि बिहीबार ७० वर्षका महेश अमात्यको न्यूयोर्कको रिजउडमा र बुधबार उडसाइडमा पवन मल्लको निधन भएको थियो। शुक्रबार एक अर्का नेपालीको निधन भएको छ, तर अस्पतालले अधिकारिकरूपमा पुष्टि नगरेको भन्दै परिवारका सदस्यले नाम सार्वजनिक नगरिदिन आग्रह गरे। कोरोना भाइरसको 'इपिसेन्टर'का रूपमा रहेको न्यूयोर्कमा भएको मृत्यु पश्चात उनीहरुको सद्गतिको प्रक्रियामा रहेको छ।

अहिलेसम्म केही व्यक्तिको सद्गति भइसकेको र सोनाम लामाको भने कोही आफन्त सम्पर्कमा नआएका कारण शव यकिन गर्न नसकिएको मेरिल्याण्ड जनरल एसेम्बलीका विधायक ह्यारी भण्डारीले जानकारी दिए। भण्डारीले स्थानीय निकाय र शवदहन गृहसँगको समन्वयमा आवश्यक कानूनी प्रक्रिया पूरा गर्न समन्वयकारी भूमिका निर्वाह गर्दै आएका छन्।

यसैबीच भण्डारीले नेपालीलगायत सबैको निधन दुःखद् भन्दै दिवङ्गत भएका र आर्थिक अभावमा रहेका नेपालीका लागि गैरनाफामूलक संस्थासँगको सहकार्यमा अन्तिम संस्कार गर्न सहयोग गर्दै आएको राससलाई जानकारी दिएका छन् । कोरोना भाइरसका कारणले विभिन्न मितिमा निधन हुनेहरुमा अनिल लिम्बू, अजय छेचुंन, निमा टेम्बा शेर्पा, राजकुमार थापा, थोक्मे विस्ट र सोनाम लामा रहेका छन्।

एनआरएन ग्लोबल हेल्थ कमिटीका संयोजक डा. सञ्जीव सापकोटाका अनुसार विश्वव्यापीरूपमा भए जस्तै संक्रमितमध्ये २५ देखि ३० प्रतिशतभन्दा बढी नेपालीले आफूलाई संक्रमणबाट मुक्त गराउन सफल भएको आँकडा रहेको बताउँछन्। यसअघि अमेरिकामा करिब ५०० नेपाली संक्रमित भएको तथ्याङ्क सार्वजनिक भएको थियो।

## स्वास्थ्यकर्मी नै संक्रमित भएपछि..

**नयाँ दिल्ली, बैशाख ७।** भारतको नयाँदिल्लीमा रहेको एउटा अस्पतालका चिकित्सक र नर्सहरुलाई नै कोरानाभाइरसको संक्रमण भएको छ।

नयाँदिल्लीस्थित लेडी हार्डिङ्ग हस्पिटलमा कार्यरत २ चिकित्सक, ६ नर्स र १ जना दश महिने बच्चा संक्रमित भएका हुन्। अग्रपंक्तिमा रहेर काम गर्ने आठ जना स्वास्थ्यकर्मी कोरोनाभाइरसबाट प्रभावित भएको अस्पतालले आइतबार पुष्टि गरेको छ।

उनीहरुलाई अहिले क्वारेन्टाइनमा राखिएको र उनीहरुले को-को सँग सम्पर्क गरेका थिए भन्ने बारेमा विवरण संकलन भइरहेको पनि अस्पतालले जनाएको छ। स्वास्थ्यकर्मी नै संक्रमित भएपछिको योजनाका बारेमा छलफल गर्न अस्पतालले उच्च अधिकारीहरुको बैठक बोलाएको छ।

यसैबीच, भारतको दिल्ली प्रदेशका मुख्यमन्त्री अरविन्द केजरीवालले कोरोनाविरुद्धको लडाईंमा मृत्यु हुनेको परिवारलाई एक करोड भारतीय रुपैयाँ राहत दिने घोषणा गरेका छन्।

कोरोनाभाइरस विरुद्ध काम गर्ने क्रममा कुनै व्यक्तिको मृत्यु भएमा उनीहरुका परिवारलाई प्रतिव्यक्ति भारु एक करोड दिइने उनले शनिबार घोषणा गरेका हुन्। नयाँदिल्लीमा आयोजित पत्रकार सम्मेलनमा उनले भने- यदि कुनै चिकित्सक, नर्स, सरसफाई कर्मचारी, प्रयोगशालाका प्राविधिक वा यस्तै कोही व्यक्ति उपचारका लागि खट्दा निधन हुनसक्छ, उनीहरुका परिवारलाई राहत स्वरुप भारु एक करोड दिइने छ। मुख्यमन्त्री केजरीवालले ६० वटा सेनिटाइजेसन मेसिनमार्फत् सहर बजारमा सरसफाई गर्ने कार्य भइरहेको पनि जानकारी दिए।

शिविर बनाइएका क्षेत्रमा सामाजिक दुरीको अलि बढी ख्याल गर्नुपर्ने उनको भनाइ छ। शहरी क्षेत्रमा ७१ वटा शिविर बनाइएको उनले जानकारी दिए। अलपत्र परेका तथा खान बस्न नपाएकाहरुलाई त्यस्ता शिविरहरुमा राखिएको मुख्यमन्त्री केजरीवालले जानकारी दिए।




**जीवन निरौला : प्रमुख प्रशासकीय अधिकृत – झापा गाउँपालिका**

पूर्वीनाका काँकरभिट्टा अनि भद्रपुरपछि बढी चहलपहल हुने नाका हो कुमरखोद । भारतीय बजार दिघलवैंक नजिकै रहेको र खुल्ला सीमाना भएका कारण पनि यो नाकामा सँधै चहलपहल भइरहन्छ । विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोना भाइरस कोभिड-१९को संक्रमण नेपालमा फैलन अघि नै सरकारले मुलुकलाई लकडाउन गरेपनि कुमरखोद नाका हुँदै धेरै नागरिक नेपाल भित्रिए । केहीलाई प्रहरी र स्थानीयले नियन्त्रणमा लिँदै क्वारेन्टाइनमा राखे पनि लुकीछिपी नेपाल भित्रने क्रम नरोकिएपछि झापा गाउँपालिका, सशस्त्र प्रहरीबल टाघनडुब्बा, इलाका प्रहरी कार्यालय कुमरखोदले नाकामा थप कडाइ गऱ्यो । तर, हुर्किएको मकै वारीवारी प्रहरीलाई छक्याउँदै भारतबाट केही नागरिक नेपाल प्रवेश गर्ने सूचना पाएलगत्तै जिल्ला प्रहरी कार्यालय झापाले प्रहरी निरीक्षकको नेतृत्वमा थप प्रहरी परिचालन गरेको छ भने सशस्त्र प्रहरी कार्यालय झापाले पनि थप प्रहरी बल परिचालन गरेको छ । योसँगै जिल्ला प्रहरी कार्यालय झापाले स्थानीयसँग सहकार्य गर्दै सीमा निगरानी समिति बनाएको छ । लकडाउनको चारसाता बित्न लाग्दा झापा गाउँपालिकामा के भइरहेको छ ? सो विषयमा झापा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवन निरौलासंग पूर्वाञ्चल दैनिकका **सहसम्पादक सुरेन्द्र भण्डारी**ले गरेको कुराकानीको सम्पादितअंश ।

# ‘कालोबजारीको सूचना दिनुहोस्, तत्काल कार्वाही गर्छौं’

**कोरोना भाइरस कोभिड-१९को नियन्त्रणम तथा रोगथामका लागि झापा गाउँपालिकाले कस्तो प्रयास गरिरहेको छ ?**

- संघीय सरकार र प्रदेश सरकारको निर्देशन अनुसार झापा गाउँपालिकामा सर्वप्रथम त हामीले दुई ठाउँमा कोरोनाको संक्रमण यदि कोही कसैलाई देखियो भने उनीहरुलाई सुरक्षित रुपमा राख्नका लागि क्वारेन्टाइनको व्यवस्थापन गरेका छौं । डिल्लीराज माध्यमिक विद्यालय र जनता माध्यमिक विद्यालयमा २०/२० वेड क्षमताको दुई वटा क्वारेन्टाइन निर्माणसँगै जनचेतनाका विभिन्न कार्यक्रम सञ्चालन गरियो ।

झापा गाउँपालिकाका स्वास्थ्यकर्मी र जनप्रतिनिधि सहितको टोलीले टोल-टोलमा र घर-घरमै पुगेर कोरोना संक्रमणका विषयमा जानकारीसंगै कोरोनाको संक्रमण भएको खण्डमा कसरी बच्ने, संक्रमण हुन नदिन अपनाउनुपर्ने सावधानीका उपाय सिकाउँदै सावुन पानीले हातधुन, भीडभाडमा नजान, मास्कको प्रयोग गर्न घरैमा बस्न सिकाएका थियौं । त्यो पनि सबै सामग्री दिएर ।

मुलुक लकडाउन हुन अघि नै हामीले झापा गाउँपालिकालाई पूर्णरुपमा लकडाउन गरेका थियौं । अहिले पनि प्रहरीसँगको समन्वयमा सीमा क्षेत्रमा १५ वटा चेकपोष्ट स्थापना गरेका छौं र सीमा नाकामा कडाई गरिएको अवस्था छ । शंकास्पद भारतीय तथा तेस्रो मुलुकबाट आएका व्यक्तिहरुको पहिचान र चेकजाँचलाई तीव्रता नै दिएका छौं ।

गाउँपाललकाले प्रकोप व्यवस्थापन कोष स्थापना गरी २५ लाख रुपैयाँ कोषमा राखेका छौं । सहयोगी दाता महानुभावहरुबाट रकम समेत आइरहेको अवस्था छ । अहिलेसम्म विभिन्न संघ-संस्था, दाताहरुले १२ लाख रुपैयाँ बराबरको नगद तथा जिन्सी सहयोग गर्नुभएको छ । सहयोग आउने क्रम पनि जारी नै छ । गाउँपालिका अन्तरगत सम्पूर्ण बजार, चौक तथा सार्वजनिक स्थलमापूर्ण रुपमा कडाई गरिएको छ । आवश्यक सामग्री खरिदका लागि आंशिक रुपमा पसल खुले पनि दुरी कायम गरेर मात्र उनीहरुलाई सामग्री खरिद बिक्री गर्न भनिएको छ । अहिले पनि हामीले जनचेतनाका कामलाई प्रभावकारी रुपमा सञ्चालन गरिरहेका छौं ।

**क्वारेन्टाइनको अवस्था चाहिँ कस्तो छ । अनि कति मानिस क्वारेन्टाइनमा राखियो ?**

- हामीले स्थापना गरेका दुईवटा क्वारेन्टाइन हुन् । दुई वटा क्वारेन्टाइनमा २४ जना मानिसलाई राखियो । ३८ जना होम क्वारेन्टाइनमा छन् । अझै पनि ९ जना क्वारेन्टाइनमा छन् । सरकारले तोकेको समय अवधि २१ दिन पूरा गरेर १५ जनालाई चाहिँ घर फर्काइएको अवस्था छ । क्वारेन्टाइनमा रहेकाहरुको आरडीटी परीक्षण गरिन्छ । सात जनाको आरडीटी परीक्षण गरिएको छ । सबैको रिपोर्ट नेगेटिभ आयो । घर पठाइएकाहरुलाई पनि हामीले सुरक्षित बस्न भनेका छौं ।

**राहत वितरणको अवस्था चाहिँ के छ नि ?**

- झापा गाउँपालिकाले अतिविपन्न दैनिक ज्याला मजदुरी गर्ने ६ हजार परिवारलाई राहत वितरण गरिएको छ । यहाँ आधारभूत स्वास्थ्य सेवालाई समेत व्यवस्थित गरिएको छ । सबै नागरिकलाई खाद्यन्य आपूर्तिमा सहजीकरण गरिएको छ । फेरि पनि दोस्रो चरणका लागि राहत वितरणका लागि तयारी गरिदैछ । राहत विपन्न परिवारले मात्रै पाउनुपर्छ भन्ने कार्यालयको मान्यता छ ।

राहत विपन्नतासंग जोडिएको विषय हो । राहतलाई राजनीतिसँग जोडियो भने राम्रो हुँदैन भनेर हामी राहत वितरणलाई सूक्ष्म ढंगले हेरिरहेका छौं । हामीले वास्तविक विपन्नलाई मात्र राहत प्रदान गर्दै आएका छौं । पहिलो चरणको राहत वितरणमा केही समस्या देखिएकै हो । दोस्रो चरणमा सुधाछौं । हामी यसपटक राहत बाड्दा परिमाण बढाउँछौ । तर, वास्तविक पीडितलाई मात्र दिन्छौं । रानजीतिक अभिष्ट पूरा गर्न संख्यात्मक विवरणलाई पूरा गर्न खोजियो भने भोलि त्यसले विवाद निम्त्याउने निश्चित छ । तसर्थ हामी सचेत छौं ।

**लकडाउन र कालोबजारीको अवस्था के छ ?**

- झापा गाउँपालिकामा लकडाउन पूर्ण रुपमा प्रभावकारी भएको छ । खुल्ला सीमानाका कारण शुरुवातका दिनमा केही मानिस भित्रिए पनि सशस्त्र प्रहरी बलले अपनाएको सुरक्षा रणनीति र जिल्ला प्रहरी कार्यालय झापाले थप जनशक्ति परिचालन गर्दै सुरक्षा संवेदनशीलतालाई मध्यनजर गरेकाले झापामा लकडाउन प्रभावकारी र सिमा नाकामा पनि कडाई छ । प्रहरीको सक्रयताकै कारण वजार, मुख्य मार्ग, सहायक मार्ग, आसपासका सम्पूर्ण गतिविधि बन्द गराई गाउँपालिका पूर्णरुपमा लकडाउनको अवस्थामा छ ।

कालोबजारीलाई पूर्णरुपमा नियन्त्रण गर्न लागीपरेका छौं । स्थानीय स्तरमा यदि कोही कसैले यस्तो गरेको पाइएमा तत्काल कारवाही गर्छौं । यो विपद्को समयमा कोही कसैले धमिलो पानीमा माछा मार्ने प्रयत्न नगरे हुन्छ । यदि त्यस्तो गरेको पाइए उनीहरुलाई कारवाही गर्ने छौं । झापा गाउँपालिकावासीलाई म यो पनि अपिल गर्न चाहन्छु कि यदि कसैले कालोबजारी गर्ने खोजेको छ भने सूचना दिनुहोस् सप्रमाण भए तत्काल कारवाही गर्छौं । सूचना दिनेको नाम हामी गोप्य राख्छौं ।

अन्त्यमा लकडाउनको प्रभावकारी कार्यान्वयनमा सबैले साथ दिनुभएकोमा आभार व्यक्त गर्दै निरन्तरताका लागि अनुरोध गर्दछु । राहतकोषमा सहयोग गर्ने महानुभावहरु सबैप्रति कार्यालय आभारी छ । हामी दाता महानुभावलाई थप सहयोग गर्न हुन आग्रह गर्दछौं । कोरोनाविरुद्धको लडाइमा सामुहिक रुपमा लागि पर्ने राजनीतिकदल, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, रेडक्रसकर्मी, स्थानीय जनप्रतिनिधिहरु, सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु । सबैले सतर्कताका साथ कोरोनाविरुद्धको यो लडाइमा अघि बढे जोखिम हुँदैन । यो रोगबाट वच्च सक्ने उत्तम उपाय भनेको सचेतना अपनाउनु नै हो । तसर्थ सवैलाई सावधानीपूर्वक घरमै बसिदिन आग्रह गर्दछु ।

सरकारको निर्देशन पालना गरौं कोरोनाविरुद्धको लडाईलाई पराजित गरौ भन्न चाहन्छु । विश्व त्रसित भइरहेको यो अवस्थामा हामी जस्तो सिमित स्रोत र साधन भएको देशले हामीले हेलचेक्र्याई गर्‍यौं भने थेग्न सक्दैन । भारतमा कोरोना पूर्णरुपमा नियन्त्रणमा नआएसम्म हामी सुरक्षित छौं भन्न सक्ने अवस्था रहन्न । तसर्थ हामी सबैले सावधानी अपनाऔं । अझ सीमा क्षेत्रमा सुरक्षा व्यवस्था कडा हुन जरुरी छ । अझ बढी क्वारेन्टाइनको व्यवस्था गर्दै गाउँपालिका र गाउँपालिकावासी सचेत हुन जरुरी देखिन्छ । हामी सचेत भए कोरोनाको संक्रमण फैलँदैन ।

कोरोनाको परीक्षणको दायरा र स्वास्थ्य उपकरणको उपलब्धतालाई अझ प्रभावकारी र व्यवस्थित गर्न जरुरी छ । कोरोनाविरुद्धको यो लडाइ जित्न युद्धमा होमीएको सिपाई झैं हामी सुरक्षित भएर घरमै बसौं ।

# १८९७ को कोरोना परीक्षण

**विराटनगर, बैसाख ७ ।** प्रदेश १मा शनिबारसम्म एक हजार ८ सय ९७ व्यक्तिको कोरोना परीक्षण भएको छ । द्रूत परीक्षण विधि (आरडीटी) र ल्याबमा गरिने पीसीआर विधिबाट उनीहरुको परीक्षण भएको हो ।

सबैभन्दा बढी आरडीटी विधिबाट एक हजार ५ सय २६ को नमूना परीक्षण भएको छ । यो विधिबाट परीक्षण गर्दा तीन जनामा पोजेटिभ देखिएको छ । सुनसरीको हरिनगरामा परीक्षण गर्दा एक जना पुरुषमा पोजेटिभ आएको हो । बाँकी दुई जनाको पीसीआर विधिबाट गरिने परीक्षणमा नेगेटिभ देखिसकेको छ ।

पीसीआर विधिबाट गरिएका कूल ३ सय ७१ परीक्षणमध्ये १२ जनामा पोजेटिभ देखिएको छ । उनीहरुको नमूना कोशी अस्पतालपछि काठमाडौमा लगेर पुनः परीक्षण गर्दा पोजेटिभ आएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मातहतको कोरोना सूचना डेस्कले जानकारी दिएको छ । सबै उदयपुरको मस्जिदमा बस्दै आएकाहरु हुन । संक्रमित मध्ये ११ भारतीय नागरिक र एक जना नेपाली नागरिक रहेका छन् । उनीहरुको उपचार प्रदेश सरकारले निर्माण गरेको कोशी अस्पतालमा भइरहेको छ ।

आरडीटी विधिबाट जम्मा २ सय १० महिला र १ हजार ३ सय १६ जनाको परीक्षण भएको छ । पीसीआर विधिबाट भने ६८ महिला र ३ सय ३ जना पुरुषको परीक्षण भएको हो । ५७ पुरुष र २ सय ८६ पुरुषको नतिजा भने नेगेटिभ आएको छ । स्वाब संकलन गरेको ल्याबमा ल्याएर गरिने परीक्षण विधि पीसीआर हो ।

कोरोना सूचना डेस्कका अनुसार धरानको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र विराटनगरको कोशी अस्पतालमा पीसीआर विधिबाट नमुना परीक्षण हुँदै आएको छ ।

यता, प्रदेश सरकारले निर्माण गरेका क्वारेन्टाइन स्थलमा बस्नेको संख्या शनिबारसम्म कूल ६ सय ६ जना पुगेको छ । २० जना डिस्चार्ज भएका छन् । आइसोलेसनमा स्वास्थ्यकर्मीको निगरानीमा ५ महिला र १७ पुरुषसहित २२ जना छन् ।

होम क्वारेन्टाइनमा जम्मा ४ हजार ४९ जना बसिरहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ ।

# खरबुजा खेतमै कुहिँदै, कृषक पीडित

**गौरीगञ्ज, बैशाख ७ ।** सरकारले लगाएको लकडाउनका कारण सयौं विगाहमा किसानले लगाएको खरबुजा खेतमै कुहिने भएको छ ।

गौरीगञ्ज गाउँपालिका वाड नं. १ रंगियाथानका किसानहरूले कन्काई खोलाको बगरमा लगाएको खरबुजा र तरबुजा खेतमै कुहिँदा लाखौं रूपैयाँ नोक्सानी हुने भएको छ । गौरीगञ्ज गाउँपालिका वार्ड नं. १ रंगियाथानका खजबुजा खेती गर्ने किसान कैलाश राजवंशीले पाँच विगाहमा लगाएको खरबुजा पाकेर बेच्ने समयमा यातायात र बजार बन्द हुँदा करिब १० लाख रूपैयाँ बराबरको खरबुजा खेतमै सड्ने अवस्थामा पुगेको बताए । उनले भने-खरबुजा खेती गर्न बैंकबाट ४ लाख ऋण लिएको छु । विक्री समयमा बजार बन्द हुँदा खरबुजा खोला बगरमै कुहिएमा बैंकको ऋण तिर्नु त परै जावोस मेरो परिवारको समेत बिल्लीबाठ हुन्छ ।’

वैदेशिक रोजगारीमा विदेशको समेत अनुभव बटुलेका उनले आफ्नै देशमा त्यतिकै मेहनत गर्दा बिदेशको भन्दा राम्रो कमाई हुने भएपछि खरबुजा र तरबुजा खेती गर्न शुरु गरेका थिए ।

कैलाससंगै सोही स्थानमा ३० जनाभन्दा बढी युवाहरूले खरबुजा र तरबुजा खेती गरेका छन् । निकै ठुलो हर्ष र उल्लास बोकेर उत्साहका साथ राम्रो कमाई गर्न मोरङको जहदा गाउँपालिका वार्ड नं. ७का मनोज चौधरी खरबुजा खेती गर्न कात्तिक महिनामै कन्काई बगरमा आएका हुन् । उनीसँगै जहदा गाउँपालिबाबाट ३० जना युवा पनि खरबुजा खेती गर्न आएका छन् । हँसिलो अनुहारमा खेती गर्न आईपुगेका किसानहरू खरबुजा बेच्ने समयमा कोरोना भाइरसका कारण लकडाउन भएपछि एकाएक निराश भएका छन् ।

खजबुजा बिक्री नहुने सम्भावना बढेपछि मेहेनत, परिश्रम र लगानी डुब्ला कि भन्ने त्रास बढेको चौधरीले बताए । उनले भने- जग्गा प्रतिविगाह १० हजार भाडामा लिएर खेती गरेका छौं । नाफा त परै जाओस् उल्टै १० लाखभन्दा बढी घाटा हुने सम्भावना छ ।’ कन्काई बगरमा ती युवाले रंगियाथानदेखि हुलाकी सडक दक्षिणसम्म एक सय विगाह बढी जग्गामा खरबुजा र तरबुजा खेती गरेका छन् ।

सोही आसपासको कन्काईको बगरमा प्रकाश राजवंशी, जगन्नाथ राजवंशी, मनोज चौधरी लगायत धेरै युवा किसानले खरबुजा र तरबुजा लगाएका छन् । भारतको बिहारबाट मेघना, माधुरी, अगस्ता र आस्ता जातका खरबुजाको बीऊ खरिद गरेर पुस महिनामा बिरुवा रोपेको उनीहरुले बताए । एक केजी वीऊको नेपाली मूल्य ४० हजार पर्ने र १ केजी वीऊबाट ४५ हजार बिरुवा निस्कने उनीहरू बताउँछन् ।

पुस महिनाको जाडोमा खोलाको चिसो हावा खाँदै खोला धारमा बाँस बसेर गरेको दुःख, उज्यालो भएदेखि बिरुवा रोप्ने र टिनमा बोकेर पानी लगाएको, गोडमेल गरेको तर बिक्री गर्ने समयमा बन्द हुँदा लाखौं रुपैया नोक्सानी हुने भएपछि ऋणमा डुब्ने डर भएको छ । गर्मी महिनामा खान उपयुक्त हुने पानीको मात्रा बढी भएको स्वास्थ्यका दृष्टिकोणले पनि लाभदायक हुने खरबुजा पाकेपछि अन्य क्षेत्रबाट व्यापारीहरु आएर खरिद गरेर लाने गरेका छन् ।

व्यापारीहरूले खोला बगरमै पुगेर ट्रकमा लोड गरी मुलुकभित्रका विभिन्न सहरहरूमा खरबुजा विक्रीका लागि दमक, इटहरी, नारायणगढ, गोलबजार, जनकपुर, काठमाडौंका साथै स्थानीय स्तरका व्यापारीहरुले खरिद गरेर लाने गरेका छन् । मलपानी राम्रो पुगेमा एउटा खरबुजा २० केजी सम्मको हुने र होलसेलमा प्रतिगोटा २० रुपैयाँ सम्ममा बिक्री हुने गरेको उनीहरू बताउँछन् ।

बिदेशमा राम्रो कमाई नभएपछि आफ्नो देशमा बसेर काम गर्ने किसानहरुलाई उत्साह प्रदान गर्न आवश्यक रहेको गौरीगञ्ज गाउँपालिका वडा नं. १ का वडाध्यक्ष कात्तिकलाल राजवंशी बताउँछन् । सयौं बिगा क्षेत्रमा लगाइएको खरबुजा विक्री नहुँदा किसानहरू मारमा परेको अध्यक्ष राजवंशीले बताए ।


**पत्रिका समयमा पाउनु भएको छैन ?**

मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
‘चट्ट फोट झट्ट सेवा’



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**वर्गीकृत विज्ञापन**

**सुवर्ण अवसर**

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ । तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ ।

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

**आवश्यकता**

सेक्युरिटी गार्डः– ४० जना (महिला/पुरुष)
*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।*
**सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**कोरियन भाषामा विशेष छुट**

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ । साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ । चाडै सम्पर्क गर्नुहोला ।
**Divine Int'l Acadamy (Dia)**
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**डाक्टर आउने बारेको सूचना**

**डा. पवन पराजुली** NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।**

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई

**हिजोको सूनचाँदीको भाऊ**

| | |
|---|---|
| छापावाला सुन | ७७,०००।– |
| तेजावी सुन | ७६,७००।– |
| असल चाँदी | ७२५।– |




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** परिस्थिति सोचेजस्तो अनुकूल नहुन सक्छ । नजिकका साथीभाइसँग असमझदारी बढ्नेछ भने काम बिग्रने डरले सताउन सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** बुद्धिको उपयोगले जटिल काम समेत सम्पादन हुनेछ । इर्ष्या गर्नेहरूलाई मेहनतको जवाफ दिन सफल भइनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** टाढिएका आफन्तजन नजिकिनेछन् । दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । आवेशमा काम गर्दा विवादमा परिने सम्भावना छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** अवसर प्राप्त भए पनि बेलामा होस् नपुऱ्याउँदा समस्या झेल्नुपर्ला । रचनात्मक काममा जुट्ने समय छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** सहयोगीहरूले हात झिक्नुका साथै परिस्थितिले सोचेभन्दा फरक मोड लिन सक्छ। अग्रजहरूको सहमति नजुट्नाले काममा बाधा पुग्नेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** अरूको मुख ताक्ने बानीले आफ्नो काम अधुरो रहनेछ । वचन पुर्याउन नसक्ता आलोचित बन्नुपर्ला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** योजना प्रारम्भ गर्न केही समय पर्खनुपर्ने देखिन्छ । हिसाबकिताबमा होसियार रहनुहोला । सञ्चित रकम खर्चनुपर्ने हुन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ। हातमा आएको रकम अरूका लागि खर्चनुपर्नेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** बुद्धिले काम लिंदा चिताएको योजना कार्यान्वयनमा आउनेछ । शुभचिन्तकहरूको भावना बुझेर अघि बढ्नुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** परिस्थिति सबल नदेखिए पनि मिहिनेतले लक्ष्यमा पुऱ्याउनेछ । केही कठोर निर्णय लिनुपरे पनि चिताएको काम सम्पादन हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** नया कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन् । पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** रमाइलो जमघटकाबीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ । बिछोडिएका परिवारजनसँग रमाइलो भेटघाट हुनेछ ।